# जिल्ला निर्वाचन कार्यालय,प्यूठान
# DISTRICT ELECTION OFFICE, PYUTHAN

आ.व.२०८१/०८२
च.नं. ३३

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय प्यूठान २०८१

मितिः२०८१/०६/०४
ने.सं. ११४४ जलागा,३ शुक्रवार

**विषयः सूचना टाँस सम्बन्धमा।**

श्री गाउँपालिका/नगरपालिका
(स्थानीय तह) प्यूठान सबै ।

प्रस्तुत विषयमा २०८१ मंसिर १६ मा स्थानीय तह उपनिर्वाचन सम्पन्न गर्ने गरी नेपाल सरकारवाट मिति २०८१।०५।३० मा उपनिर्वाचनको मिति घोषणा भएको विदितै छ । सोहि सन्दर्भमा निर्वाचन आयोगको प.सं.च.नं./Ref: २०८१।८२/१४ मिति २०८१।०६।०२ को पत्र वमोजिम मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनको लागि यसै पत्र साथ संलग्न अनुसूची सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा गराइदिनुहुन अनुरोध छ ।साथै उक्त अनुसूची सूचना तहाँ पालिका स्थित वडा कार्यालयहरुसम्म पुग्ने गरी व्यवस्था गर्नुहुन अनुरोध छ ।

............ २०८१।०६।०४
(धर्म वहादुर डि.सी.)
निमित्त जिल्ला निर्वाचन अधिकारी
धर्म बहादुर डि.सी.
निमित्त जिल्ला निर्वाचन अधिकारी

श्री IT शाखा,
सूचना टाँस गरिदिनु होला।
२०८१।०६।०५

"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
*"Free and Fair Election Pride of Nation"*
☎ 086420182, ecpyuthan54@gmail.com, deo.pyuthan@election.gov.np

## अनुसूची

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, ........

### स्थानीय तह उपनिर्वाचन, २०८१ का लागि मतदाता नामावली अद्यावधिक कार्यक्रमसम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक कार्य देहायका क्रियाकलापसहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | जिल्लामा मतदाता नामावली एकीकरण, रूजु र दोहोरो परीक्षण | २०८१/०६/०२ | २०८१/०६/१२ | |
| २ | आयोगमा सबै जिल्लाबाट मतदाता नामावली विवरण एकीकरण | २०८१/०६/१३ | २०८१/०६/१६ | |
| ३ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८१/०६/१८ | | आयोगको वेबसाइट (https://election.gov.np) |
| ४ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८१/०६/१८ | २०८१/०६/३० | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ५ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ६ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ७ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ८ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाईं सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाईं सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८१/०६/१८ | २०८१/०६/३० | निर्वाचन कार्यालय |
| ९ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८१/०७/०१ | २०८१/०७/०४ | निर्वाचन कार्यालय |
| १० | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८१/०७/०५ | २०८१/०७/०६ | निर्वाचन कार्यालय |
| ११ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०८१/०७/०६ | २०८१/०७/०९ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १२ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०८१/०७/२६ | | निर्वाचन आयोग |